# तालिममा सहभागिताका लागि निवेदन पेश गर्नेसम्बन्धी सूचना

भरतपुर महानगरपालिकाको चालू आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रमअनुसार लक्षित समूह (महिला, दलित, आदिवासी/जनजाति एवं पिछडा वर्गका युवाहरूलाई) विभिन्न सीपमूलक तालिमसम्बन्धी कार्यक्रम रहेको छ। सोअन्तर्गत उल्लेखित लक्षित समूहका ४० जना युवाहरूलाई लामो अवधिको (३९० घन्टा) हेयर शैलुन, मोटरसाइकल मर्मत, इलेक्ट्रिसियन, हाउस वायरिङ्ग, प्लम्बिङ्गलगायतका तालिम सञ्चालन हुने भएकोले तालिम लिन इच्छुक व्यक्तिले तपशिलअनुसारका कागजातसहित २०७७।१०।०१ गतेसम्ममा भरतपुर महानगरपालिकाको महिला, बालबालिका तथा समाजकल्याण शाखामा निवेदन पेस गर्नुहुन जानकारी गराइन्छ।

**तपसिलका शर्त तथा सहभागीले पेस गर्नुपर्ने कागजातहरू**

१. एक जना व्यक्तिले एउटा तालिममा मात्र सहभागी हुन पाउनेछ।
२. सामान्य लेखपढ गर्नसक्ने हुनुपर्नेछ।
३. आवश्यकताभन्दा बढी संख्यामा निवेदन पर्न आएमा अन्तरवार्ताबाट सहभागी छनौट गरिनेछ।
४. महिला सहभागीलाई प्राथमिकतामा राखिनेछ।
५. अत्यधिक निवेदन परेको विषयमा तालिम सञ्चालन गरिनेछ।
६. निवेदक १८ वर्ष पुरा भई ४९ वर्ष ननाघेको हुनुपर्नेछ।
७. तालिमपश्चात् सहभागीले प्राप्त गरेको सीपलाई व्यावसायिक रूपमा प्रयोग गर्न प्रतिबद्ध रहेको हुनुपर्नेछ।
८. पेस गर्नु पर्ने कागजातहरू
   - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि -१ प्रति
   - फोटो -१ प्रति
   - निवेदन

**भरतपुर महानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**

Scanned with CamScanner